नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भरतपुर अस्पताल

## वोलपत्र/दरभाउपत्र सम्बन्धी सूचना

## (प्रथम पटक प्रकाशित मिति २०७०।०५।२०)

यस अस्पतालको आ.व.०७०/०७१ को लागि आवश्यक तपसिल वमोजिमका सामानहरु बोलपत्र/दरभाउपत्र को माध्यमबाट खरिद गर्नु परेकोले ईच्छुक सप्लाई गर्न ईजाजत प्राप्त सप्लायर्स एवं विक्रेताहरुवाट निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको बोलपत्र/दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै यो सूचना यस अस्पतालको Web site http//www.**bharatpurhospital.gov.np** मा पनि हेर्न सकिनेछ ।

**शर्तहरुः**

१) बोलपत्र/दरभाउपत्र फाराम यो सूचना प्रकासित भएको मितिले सि.नं. १ र २ को लागि बोलपत्र दस्तुर रु.१०००। (एकहजार) फिर्ता नहुने गरी ३० औं दिनभित्र र सि.नं.३ देखि ६ सम्मको लागि दरभाउपत्र दस्तुर रु.३००। (तिनसय) फिर्ता नहुने गरी १५ औं दिनभित्र दाखिला गरी आ.व. २०६८/०६९ को कर चुक्ता प्रमाण-पत्र सहित नविकरण भएको फर्म दर्ता र मु.अ.कर दर्ता सहितको स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपी संलग्न राखि यस अस्पतालको Website http//www.**bharatpurhospital.gov.np** को eProcurement System मा गई TOR download गर्न सकिनेछ ।

२) खरीद भएको बोलपत्रको हकमा सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ (एकतीसौ) औ दिनको १२:०० वजे र दरभाउपत्रको हकमा १६ औ दिनको १२:०० बजेभित्र यस अस्पतालको Website http//www.**bharatpurhospital.gov.np** को eProcurement System मा गई TOR Upload गर्नुपर्नेछ । दर्ता भएका बोलपत्रको हकमा ३१ औं दिनको २:०० बजे र दरभाउपत्रको हकमा १६ औं दिनको २:०० बजे यस अस्पतालमा बोलपत्र/दरभाउपत्र दाताको रोहवरमा खोलिनेछ । बोलपत्र/दरभाउपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट हुनेछ ।

३) बोलपत्र/दरभाउपत्र दर्ता गर्दा जमानत वापतको बोलकवोल रकमको ३ प्रतिशतले हुन आउने रकम को.ले.नि.का.चितवनको रा.बा.बैंक, भरतपुरमा रहेको ख ३ धरौटी १३१०२०३०००००० खातामा रकम जम्मा गरेको सक्कल बैक भौचर वा बोलपत्रको हकमा कम्तिमा १२० दिन म्याद भएको र दरभाउपत्रको हकमा ७५ दिन म्याद भएको यस अस्पतालको नाममा बाणिज्य बैंकबाट जारी भएको विड वण्ड पेश गर्नुपर्नेछ । बोलपत्र/दरभाउपत्र स्वीकृत भए पछी ५% वरावरको रकम संझौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा बाणिज्य बैंकबाट जारी भएको कम्तिमा एक वर्ष म्याद भएको परफरमेन्स वण्ड पेश गर्नुपर्नेछ ।

४) बोलपत्र/दरभाउपत्र दाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइने छ ।

५) नेपाल सरकारको हितलाई ध्यानमा राखि प्राप्त हुन आएका बोलपत्र/दरभाउपत्रहरु बोलपत्र/दरभाउपत्र मूल्यांकन समितिको सिफारीसमा पूर्ण वा आंशिक रुपमा पनि स्वीकृत गर्न सकिने छ । साथै बोलपत्र/दरभाउपत्रमा उल्लेखित परिमाणमा अस्पतालको माग अनुसार थपघट भएतापनि बोलपत्र/दरभाउपत्र दाताले कवोल गरेको दररेटमा मालसामान उपलब्ध गराउनुपर्नेछ ।

६) Expiry Date उल्लेख हुने मालसामानहरुको Manufacturing Date बाट Expiry Date कम्तिमा ८० प्रतिशत मिति बाँकी हुदा स्टोरमा दाखिला हुनुपर्नेछ । सो भन्दा घटी म्याद भएको केमिकल तथा अन्य सामानहरु स्वीकार्य हुनेछैन ।

७) बोलपत्र/दरभाउपत्र दाताले आफुले पेश गरेको बोलपत्र/दरभाउपत्रमा ठेक्का नं. र सप्लाई गर्न चाहेको समानको नाम स्पष्ट खोली पेश गर्नुपर्नेछ । र आफूले खरिद गर्न चाहेको ठे.नं.मा नै Upload गर्नुपर्नेछ र आफूले जुन ठेक्कामा भागलिन चाहेको हो सो सम्बन्धी कामको इजाजत पत्र पेश गर्नुपर्नेछ ।

८) सप्लाई गरिने सम्पूर्ण मालसामानहरु उच्च गुणस्तरको हुनपर्नेछ । केमिकलको हकमा स्वीकृत प्राप्त केमिकलमात्र सप्लाइ गर्नुपर्नेछ । गुणस्तरहिन केमिकल स्वीकार्य हुने छैन । आवश्यक परेमा ल्याव केमिकल्सहरुको परीक्षण गर्न लाग्ने खर्च सप्लाई गर्ने फर्मले व्यहोर्नुपर्नेछ ।

९) बोलपत्र/दरभाउपत्र मा उल्लेखित सामानहरु पटक पटक वा एकमुष्ट रुपमा खरीद गरिने छ । खरीद गरिने सामान घटी वढी हुन सक्नेछ । घटी वढी परिमाणको लागि दररेटमा कुनै परिवर्तन गरिने छैन ।

१०) सप्लाई गरिएको सामानको भुक्तानी सामान प्राप्त भएपछि गरिनेछ सामान खरीदको लागि कुनै अग्रिम पेश्की दिइने छैन भुक्तानी गर्दा नियमानुसार लाग्ने करकट्टा गरी दिइनेछ ।

११) बोलपत्र/दरभाउपत्र दाताले कवोल गरेको दररेटमा तोकिएको परिमाण मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा बजारबाट सिधै खरीद गरिनेछ । त्यसरी खरीद गर्दा बोलपत्र/दरभाउपत्र मा उल्लेख गरिएको मुल्य भन्दा बढी पर्न गएमा बोलपत्र/दरभाउपत्र दाताको धरौटी रकम वा भुक्तानी गर्न वाकि रकमबाट असुल उपर गरिनेछ

१२) संझौता गरी मालसामान सप्लाई नगर्ने फर्मलाई नियमानुसार कालोसूचीमा दर्ताको लागि पठाइनेछ ।

१३) थप जानकारीको लागि यस अस्पतालमा सर्म्पक राख्न सकिनेछ ।

१४) यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ ।

कार्यालयको नाम :- भरतपुर अस्पताल चितवन ।
कार्यालय कोड नं.:- ३५-३७०-०२
कार्यालय खाता नं.:- १-१-००१
राजश्व शिर्षक नं.:- १४२२७
बैंकको नामः- रा.बा.बैंक.भरतपुर, चितवन

***तपशिल***

| सि.नं. | ठे.नं. | विवरण | धरौटी रकम | बोलपत्र/दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | १/७०/७१ | ल्याब तथा केमिकल सम्बन्धी कार्य | कबोल अंकको ३% | १०००। |
| २ | २/७०/७१ | छपाइ सम्बन्धी कार्य | कबोल अंकको ३% | १०००। |
| ३ | ३/७०/७१ | स्टेशनरी | कबोल अंकको ३% | ३००। |
| ४ | ४/७०/७१ | सरसफाईजन्य सामान | कबोल अंकको ३% | ३००। |
| ५ | ५/७०/७१ | एक्सरे फिलम तथा केमिकल | कबोल अंकको ३% | ३००। |
| ६ | ६/७०/७१ | कपडाजन्य सामान खरीद | कबोल अंकको ३% | ३००। |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वा.से.वि., म.क्षे.स्वा. निर्देशनालय
भरतपुर अस्पताल, चितवन

☎ ०५६-५२०१९
०५६-५२०४६
०५६-५२४३०

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय भरतपुर अस्पताल चितवन

प.सं.:
च.नं.:

मिति :२०७०/०५/२८

# सूचना

यस अस्पतालबाट मिति २०७०।५।२० मा प्रकाशित सूचना अनुसार X-ray प्लेट तथा केमिकल्सको **E-Tender** मार्फत यस अस्पतालको **Web site** मा राखिएको **BOQ** मा केही परिमार्जित गरिएको हुँदा परिमार्जित BOQ Download गरी पेश गर्नुहुन यसै सूचना मार्फत जानकारी गराईन्छ ।

नि. मेडिकल सुपरिटेन्डेन्ट